रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कोल्बुङ, इलाम
१ नं प्रदेश, नेपाल

रोङ गाउँपालिका
२०७३

मिति : २०७४/११/१४

## आशयपत्र पेश गर्ने बारेको सूचना ।

रोङ गाँउपालिका क्षेत्रभित्र पर्ने तपसीलमा उल्लेखित सडक आयोजनाहरुको व्यवस्थित र दिगो विकासका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने भएकाले सो सम्बन्धी परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, सस्था वा कम्पनीलाई १५ (पन्ध्र) दिन भित्र तपसीलमा उल्लेखित विवरण सहित आशयपत्र पेश गर्न हुन सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७० वमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

१. प्रस्ताव पेश गर्ने परामर्शदाता व्यक्ति, फर्म, संस्था वा कम्पनी नेपालको प्रचलित कानून वमोजिम दर्ता भई गत आ.व सम्मको कर चुक्ता गरी नवीकरण भएको हुनुपर्नेछ ।

२. आशयपत्र साथ आवेदकले निम्न वमोजिमका कागजातहरु समावेश गर्नुपर्नेछ :

क. नवीकरण सहितको परामर्शदाता कम्पनी, फर्म वा सस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख. मूल्य अभिवृद्धि कर (VAT) र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण-पत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी ।

ग. आशयपत्रदाता फर्म, संस्था वा कम्पनी भए :

- फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारी विवरण ।
- दुई वा दुईभन्दा वढी फर्म वा कम्पनीले समूह, संगठन वा संयूक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम ।
- विगत ७ (सात) वर्षमा सम्पन्न गरेको त्यस्तै प्रकृतिको काम र स्थानको विवरण ।
- प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

घ. व्यक्तिगत परामर्शदाताको हकमा विगत ४ वर्षमा सम्पन्न गरेको त्यस्तै प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण ।

ङ. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय ।

३. आशयपत्रदाताहरुको संक्षिप्त सूचीमा परेका व्यक्ति, फर्म, सस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरीद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

४. एक व्यक्ति, फर्म, संस्था वा कम्पनीले कम्तीमा ३ (तीन) वटा सडक आयोजनाको लागि आशयपत्र पेश गर्नुपर्नेछ ।

५. रीतपूर्वक नभएका र निर्धारित समय भित्र पेश हुन नआएका आशयपत्रहरु माथि कुनै कारवाही हुनेछैन ।

६. DPR तयार गर्नुपर्ने सडक आयोजनाहरु :

- चौतारो-गाजले-सलकपुर-ढुंगे सडक
- निन्दाखोला-जिर्मले-कुवापानी-तेलपानी खोला सडक
- तेलपानी खोला-मुर्चुङ्गे -सारुपाखा-टिमाई सडक
- टिमाई-ढोडेनी-प्यूरे-कोल्वुङ सडक
- सात नं.गोलाई-मार्से-सिम्ले सडक
- विरिङ्ग-जुरेभञ्ज्याङ्ग-खरबन-सुब्बा भञ्ज्याङ सडक
- टुङने-एकराते-बदामटार-धनसार सडक
- किटेनी-सन्सरीडाँडा-सालबोटे -कालीटार-कौसेटार-तिलरे सडक
- तीनघरे-शान्तीपुर-बरफल्याङ-झापा सडक
- काकडभिट्टा-निन्दा-सलकपुर-समालवुङ सडक (निन्दा सिद्धिखण्ड मात्र)

७. आशयपत्र २०७४ साल फाल्गुन २९ गते कार्यालय समयभित्र गाँउ कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

८.थप कुरा बुझ्नु परेमा ०२७-६९१४२० वा ९८६२६९८२७८/९८५११४८५४७/९७५२६०५२५५ मा सम्पर्क गर्न सकिनेछ ।

शम्सेर राई
अध्यक्ष

शम्सेर राई
अध्यक्ष